# <u>प्रेश विज्ञप्ति</u>

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. ले प्रति शेयर रु.१००/–अंकित दरको ४००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गर्नको लागि एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । सो शेयर निष्काशन सम्बन्धी सम्झौता–पत्रमा आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. तर्फबाट कार्यकारी प्रमुख दामोदर जोशी र एनआईबिएल क्यापिटलको तर्फबाट महाप्रबन्धक श्री मेख बहादुर थापाले हस्ताक्षर गर्नु भयो । यस आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को अधिकृत पूँजी रु.२० करोड, जारी पूँजी रु.१० करोड, र चुक्ता पूँजी रु.६ करोड रहेको छ । सो शेयर निष्काशन मध्ये ५ प्रतिशत अर्थात बीस हजार कित्ता साधारण शेयर सामुहिक लगानी कोषलाई छुट्टाई जम्मा ३८०,००० कित्ता साधारण शेयरहरु एनआईबिएल क्यापिटल मार्फत निष्काशन गरिनेछ । साथै उक्त कम्पनीको रु १००/– अंकित दरको २००,००० कित्ता साधारण शेयरको लागि समेत एनआईबिएल क्यापिटल मार्केट्स लि. ले प्रत्याभुति गरेको जनाएको छ ।

